# सुनकोशी गाउँपालिका सिन्धुली

## गाउँकार्यपालिकाको कार्यालय र अन्तर्गतका निकायहरुको प्रस्तावित संगठन संरचना

- गाउँसभा → लेखा, विधायन, सुशासन तथा अन्य समिति
- गाउँकार्यपालिका → आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन समिति
- अध्यक्ष
- उपाध्यक्ष → न्यायिक समिति
- प्रमुख प्रशासकीय अधिकृत रा.प. तृतीय-१

### प्रशासन योजना तथा अनुगमन शाखा

**प्रशासन इकाई :**
अधिकृत छैठौं (प्रशासन) : १
सहायक पाँचौं (क.अ.) : १
सहायक चौथो (प्रशासन) : १

**आर्थिक प्रशासन इकाई :**
लेखा अधिकृत (७ ८ औं) : १
लेखापाल (पाँचौं) : १
लेखा सहायक (चौथो) : १

**राजस्व इकाई :**
सहायक पाँचौं (प्रशासन) : १

**योजना तथा अनुगमन इकाई :**
अधिकृत (छैठौं प्रशासन) सहायक पाँचौं (प्रशासन) : १

**कानून मामिला इकाई :**
कानून अधिकृत : १

**जिन्सी इकाई :**
सहायक चौथो पाँचौं (प्रशासन) : १

#### वडा कार्यालय

सहायक पाँचौं (प्रशासन) : ३
सब-इन्जिनियर (पाँचौं) : ३
सहायक (चौथो) : ८
असिस्टेन्ट सब-इन्जिनियर (चौथो) : ८
सहायक कम्प्युटर अपरेटर (चौथो) : ७

### पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

ईन्जिनियर (सातौं आठौं, सिभिल) : १
सब ईन्जिनियर (पाँचौं, सिभिल) : १
असिस्टेण्ट सब ईन्जिनियर (चौथो, सिभिल) : १
सब-ईन्जिनियर, इलेक्ट्रिकल (पाँचौं) : १
खा.पा.स.टे. (चौथो पाँचौं) : १

**पूर्वाधार विकास, भवन तथा मापदण्ड कार्यान्वयन इकाई**

ईन्जिनियर (छैठौं, आर्किटेक्चर) : १
सर्वेक्षक (पाँचौं) : १

**वातावरण सरसफाई तथा विपद् व्यवस्थापन इकाई**

सहायक पाँचौं (प्रशासन) : १

### सामाजिक तथा आर्थिक विकास शाखा

अधिकृत छैठौं (प्रशासन) : १

**सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई**

**महिला बालबालिका तथा समाज कल्याण इकाई**

महिला विकास निरीक्षक (पाँचौं, विविध) : १

- प्राथमिक स्वास्थ्य सेवा केन्द्र स्वास्थ्य चौकी
- घरेलु तथा साना उद्योग
- कृषि विकास शाखा पशु सेवा शाखा
- आधारभुत सेवा केन्द्र
- सामुदायिक स्वास्थ्य सेवा इकाई
- आयुर्वेद औषधालय

### शिक्षा,युवा तथा खेलकुद शाखा

शाखा अधिकृत (६ ७ ८, शिक्षा प्रशासन) : १
प्रा.स. (पाँचौं, शिक्षा प्रशासन) : १
कम्प्युटर अपरेटर (पाँचौं, विविध) : १

- बाल विकास केन्द्र
- विद्यालय
- खेलकुद समिति केन्द्र
- युवा विकास समिति
- स्थानीय स्तरका प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र

### आन्तरिक लेखा परिक्षण इकाई

आन्तरिक लेखा परिक्षक, (सहायक पाँचौं) : १

दिया बोहोरा दाहाल
अध्यक्ष

सुनकोशी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रामटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

# प्रमुख प्रशासकीय अधिकृत र योजना शाखा बीच भएको कार्यसम्पादन सम्झौता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कर्मचारी समायोजन ऐन, २०७४, निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०, स्थानीय तह कार्यसञ्चालन निर्देशिका, २०७७ एवं स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ मे परिलक्षित गरे बमोजिम स्थानीय तहको भूमिकालाई अझ बढी सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाई स्थानीय तहको परिणाममुखी व्यवस्थापन र संचालन गर्न समय सेवा प्रवाहलाई सुधार गर्दै नतिजामा आवद्ध गर्न सुनकोशी गाउँपालिका, सिन्धुलीका प्रमुख प्रशासकीय अधिकृत अर्जुन दर्जी र योजना शाखाका प्रमुख श्री कपिल थापा बीच मिति २०७८/१२/०१ मा तपसिल बमोजिमको कार्य सम्पादन सम्झौता गरिएको छ ।

तपसिल :

क. कार्यसम्पादन सम्झौताका शर्तहरुः

१. यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ ।

२. यो सम्झौताको कार्यान्वयन गर्ने गराउने जिम्मेवारी योजना शाखा प्रमुखको हुनेछ ।

३. गाउँपालिकाले यस सम्झौतामा उल्लिखित कार्यक्षेत्रको कार्यान्वयनका लागि योजना शाखाको प्रमुखलाई निरन्तर सहजीकरण, समन्वय र मार्गदर्शन गर्नेछ । गाउपालिकाले विषयगत शाखाहरुसंगको समन्वय र पालिकाको प्राथमिकता अनुसार माग बमोजिमका निर्धारित कार्यहरु नतिजामूलक रुपमा सम्पादन गर्न आवश्यक सहजीकरण र समन्वय गर्नेछ ।

४. सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक स्रोत साधन तथा अन्य निकायबाट प्राप्त हुने बजेट तथा लगानीको उपयोग गरी यसमा उल्लेखित कार्य गर्नु पर्नेछ ।

५. गाउँपालिकाले आवश्यकता अनुसार यो कार्यसम्पादन सम्झौतामा परिमार्जन गर्न सक्नेछ ।

६. स्थानीय तहसंग सम्बन्धित प्रचलित ऐन, कानून, नीति, निर्देशिका र कार्यविधिहरु, सुशासन ऐन तथा नियमावली र निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० को परिधिभित्र रही योजना शाखाको प्रमुखले देहाय बमोजिमका कार्यहरु सम्पादन गरी गाउँपालिका तहमा प्रवाहित सेवा र जनतालाई उपलब्ध गराइने सुविधामा मापनयोग्य नतिजाहरु हासिल गर्नुपर्नेछ ।

७. यस कार्य सम्पादनको मूल्यांकन गर्दा यो सम्झौता भएको मितिदेखि सम्पादन भएको कार्यको मात्र मूल्यांकन हुनेछ । ८. यस कार्य सम्पादनको सम्झौतामा हस्ताक्षर गर्ने योजना शाखाको प्रमुख सरुवा वा अवकाश या अन्य कुनै कारणवाट हालको कार्यालयमा नरहे पनि पछिल्लो योजना शाखाको प्रमुखको समष्टिगत संस्थागत निरन्तरता स्वरुप यो सम्झौता कायम रहनेछ । साथै कार्य मूल्यांकन यसै सम्झौता अनुरुप हुनेछ ।

९. योजना शाखाको प्रमुखले नतिजामा आधारित सूचकहरुको आधारमा मासिक प्रगति गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

अर्जुन दर्जी
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत र सामाजिक तथा उद्योग विकास शाखा बीच भएको कार्यसम्पादन सम्झौता**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४,कर्मचारी समायोजन ऐन,२०७४,निजामती सेवा ऐन,२०४९ र नियमावली २०५०,स्थानीय तह कार्यसञ्चालन निर्देशिका,२०७७ एवं स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ ले परिलक्षित गरे वमोजिम स्थानीय तहको भूमिकालाई अझ वढी सुदृढ,सक्षम,सेवामूलक र उत्तरदायी वनाई स्थानीय तहको परिणाममुखी व्यवस्थापन रसञ्चालन गर्न समय सेवा प्रवाहलाई सुधार गर्दै नतिजामा आवद्ध गर्न सुनकोशी गाउँपालिका सिन्धुलीका प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन दर्जी र सामाजिक तथा उद्योग विकास शाखा प्रमुख श्री कपिल वहादुर अधिकारी बीच मिति २०७८/१२/०१मा तपशील वमोजिमको कार्यसम्पादन सम्झौता गरिएको छ।

तपशील :

**क. कार्यसम्पादन सम्झौताका शर्तहरु :**

१.यो सम्झौता हस्ताक्षर भएको मिति देखि लागू हुँने छ।

२.यो सम्झौताको कार्यान्वयन गर्ने गराउँने जिम्मेवारी सामाजिक तथा उद्योग विकास शाखाको हुँने छ।

३.गाउँपालिकाले यस सम्झौतामा उल्लेखित कार्यक्षेत्रको कार्यान्वयनका लागि सामाजिक तथा उद्योग विकास शाखाको प्रमुखलाई कानूनको अधीनमा रही सम्पादन गरिने कार्यमा स्वतन्त्र,निरन्तर सहयोग,सहजीकरण,समन्वय र मार्गदर्शन गर्ने छ।गाउँपालिकाले विषयगत शाखाहरुसँगको समन्वय र पालिकाको प्राथमिकता अनुसार माग वमोजिमका निर्धारित कार्यहरु नतिजामूलक रुपमा सम्पादन गर्न आवश्यक सहजीकरण र समन्वय गर्ने छ।

४.संङ्घीय र प्रदेश सरकारवाट प्राप्त हुँने अनुदान र आन्तरिक स्रोत साधन तथा अन्य निकायवाट प्राप्त हुँने वजेट तथा लगानीको उपयोग गरी यसमा उल्लेखनीय कार्य गर्नु पर्ने छ।

५.गाउँपालिकाले आवश्यक्तानुसार यो कार्यसम्पादन सम्झौता परिमार्ज गर्न सक्ने छ।

६.स्थानीय तहसँग सम्वन्धित प्रचलित ऐन,कानून,नीति निर्देशिका, र कार्यविधिहरु सुशासन ऐन तथा नियमावली र निजामती सेवा ऐन २०४९ तथा नियमाली २०५० को परिधि भित्र रही सामाजिक तथा उद्योग विकास शाखाको प्रमुखले देहाय वमोजिमका कार्यहरु सम्पादन गरी गाउँपालिका तहमा प्रवाहित सेवा र जनतालाई उपलव्ध गराइने सुविधामा मापनयोग्य नतिजाहरु हाँसिल गर्नु पर्ने छ।

७.यस कार्यसम्पादनको मूल्याङ्कन गर्दा यो सम्झौता भएको मिति देखि सम्पादन भएको कार्यको मात्र मूल्याङ्कन हुँने छ।

८.यस कार्य सम्पादनको सम्झौतामा हस्ताक्षर गर्ने सामाजिक तथा उद्योग विकास शाखा प्रमुख कारणवश सेवारत नरहेमा त्यस पश्चात जिम्मेवारी वहन गर्ने पछिल्लो शाखा प्रमुखको समष्टिगत संस्थागत निरन्तरता स्वरुप यो सम्झौता कायम रहने छ। समष्टिगत संस्थगत निरन्तरता स्वरुप यो सम्झौता कायम रहने र निजको सोही आधारमा मूल्याङ्कन हुँने छ।

९.सामाजिक तथा उद्योग विकास शाखा प्रमुखले नतिजामा आधारित सूचकहरुको आधारमा मासिक प्रगति गाउँपालिकामा पेश गर्नु पर्ने छ।

१०.प्रचलित कानून संसोधन वा परिमार्जन भई यस सम्झौताका सूचकको सीमा,स्तर र मापदण्ड आदिमा परिवर्तन भएमा सोही अनुसार यस कार्य सम्पादन सम्झौतामा परिवर्तन भएको मानिने छ।

अर्जुन दर्जी
प्रमुख प्रशासकीय अधिकृत